का.जि.प्र.का.द.नं. १००/०५९/६०
२१ पुस २०८२
सोमबार
5 January 2026
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक ३२६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

### जेनजी आन्दोलन

# चार महिनापछि ओलीको बयान

भ्रष्टाचार नियन्त्रण र सुशासनको माग राखेर २३ र २४ भदौमा भएको जेनजी आन्दोलनका क्रममा ७६ जनाले ज्यान गुमाए । उक्त घटनाका सम्बन्धमा छानबिन गर्न गठित जाँचबुझ आयोगले चार महिनापछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको बयान (स्टेटमेन्ट) लिएको हो ।



"हामीले केपी शर्मा ओलीको स्टेटमेन्ट लिएका छौं ।"

**विज्ञानराज शर्मा**
प्रवक्ता
जाँचबुझ आयोग

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २० पुस

पूर्वप्रधानमन्त्री केपी शर्मा ओली आइतबार राष्ट्रिय मानवअधिकार आयोग पुगे । जेनजी आन्दोलनका क्रममा भएका घटनाको जाँचबुझ आयोगका सदस्य भने ओलीलाई भेट्न उनकै निवास भक्तपुरको गुण्डु पुगे । दुवैको उद्देश्य एउटै थियो- जेनजी आन्दोलनका क्रममा भएका घटनाको सन्दर्भमा तत्कालीन प्रधानमन्त्री ओलीको धारणा लिनु ।

भ्रष्टाचार नियन्त्रण र सुशासनको माग राखेर २३ र २४ भदौमा जेनजी आन्दोलन भएको थियो । उक्त क्रममा ७६ जनाले ज्यान गुमाए । सो घटनाका सम्बन्धमा छानबिन गर्न गठित जाँचबुझ आयोगले चार महिनापछि तत्कालीन प्रधानमन्त्री ओलीको बयान (स्टेटमेन्ट) लिएको हो ।

आइतबार नै मानवअधिकार आयोगले पनि यही विषयमा ओलीको बयान लिएको हो । मानवअधिकार आयोग जान तयार भएका ओली जाँचबुझ आयोग जान तयार भएनन् । त्यसपछि जाँचबुझ आयोगका सदस्यहरूले गुण्डुस्थित निवासमै पुगेर बयान लिएका हुन् ।

> सरकार गठन प्रक्रियामै प्रश्न गरिरहेका एमाले अध्यक्ष केपी शर्मा ओली सोही सरकारले गठन गरेको जाँचबुझ आयोगलाई स्टेटमेन्ट दिन तयार भए । यसलाई कतिपयले सरकार र एमाले दुवैको इगो व्यवस्थापनको विन-विन अवस्थाका रूपमा व्याख्या गरेका छन् ।

एमालेले जेनजी आन्दोलनमा घुसपैठ भएको बताउँदै आएको छ र जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्कीको निष्पक्षतामाथि समेत प्रश्न उठाउँदै आएको छ । जेनजी आन्दोलनको माग भ्रष्टाचार नियन्त्रण र सुशासन स्थापना भएता पनि सार्वजनिक र निजी सम्पतिमाथि योजनाबद्ध आक्रमण गरिएको भनेर एमालेले घुसपैठ भएको तर्क गरेको हो ।

साथै, एमालेले सरकार गठन प्रक्रियामा समेत प्रश्न गर्दै आएको छ । आयोगका अध्यक्ष पूर्वन्यायाधीश कार्कीले पहिल्यै आफ्नो धारणा सार्वजनिक गरिसकेको भन्दै अन्तरिम सरकारले गठन गरेको आयोगमा जान इन्कार गरेको हो । २३ र २४ भदौको जेनजी आन्दोलनले ओली नेतृत्वको सरकार अपदस्त गरिदियो । त्यसपछि प्रतिनिधि सभाबाटै अर्को सरकार बन्न सकेन । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा २७ भदौमा अन्तरिम सरकार बन्यो । अन्तरिम सरकारको सिफारिसमा प्रतिनिधि सभा विघटन भएर आगामी फागुन २१ गतेका लागि चुनावको पृष्ठ २ मा



# कांग्रेसमा संख्याको खेल

नियमित महाधिवेशन रोकिएपछि विशेष महाधिवेशन पक्षधर नेताहरूले भेलामा ५१ प्रतिशत पुऱ्याउने र विशेष महाधिवेशनको औचित्य पुष्टि गर्ने प्रयासमा लाग्दा संस्थापन पक्षले देशभरका महाधिवेशन प्रतिनिधिलाई भेलामा नआउन सार्वजनिक आह्वान गरेका छन् ।



**कृष्णप्रसाद सिटौला**
नेता

"कांग्रेसको नियमित महाधिवेशनको समय नै तोकिसकिएकाले विशेष महाधिवेशनको औचित्य समाप्त भइसकेको छ । निर्वाचनमा एक ढिक्का भएर अघि बढ्नुपर्ने कांग्रेस आन्तरिक विवादमा फस्नुहुँदैन ।"

**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, २० पुस

नेपाली उखान छ, किन चाउरिस् मरिच ? आफ्नै रागले । यतिबेला नेपाली कांग्रेसको अवस्था यस्तै भएको छ । संस्थापन र इतर समूहको गुटबन्दीको रागले विघटित प्रतिनिधि सभाको ठुलो दल कांग्रेसमा चुनावको मुखमा विवाद गहिरिएको मात्र छैन, तीन महिनादेखि पार्टी महाधिवेशनको गोलचक्करमा फसेको छ । गत मंसिरको अन्तिम हप्ता कार्यकाल सकिएका कांग्रेसका सबै तह र निकायको म्याद आगामी २०८३ जेठ मसान्तसम्म थपेको छ । केन्द्रीय कार्यसम्पादन समितिको बैठकले १४औं महाधिवेशनबाट निर्वाचित सबै तहको कार्यकाल थप गरेको हो । यसले पार्टीभित्रको विवाद थप उत्कर्षमा पुगेको छ ।



नियमित महाधिवेशन रोकिएपछि विशेष महाधिवेशन पक्षधर नेताहरूले भेलामा ५१ प्रतिशत पुऱ्याउने र विशेष महाधिवेशनको औचित्य पुष्टि गर्ने प्रयासमा लाग्दा संस्थापन पक्षले देशभरका महाधिवेशन प्रतिनिधिलाई भेलामा नआउन सार्वजनिक आह्वान गरेका छन् । पार्टी सभापति शेरबहादुर देउवा निवासमा आइतबार बसेको पदाधिकारी तथा पूर्वपदाधिकारी बैठकले नियमित महाधिवेशन प्रक्रिया अघि बढेकाले विशेष महाधिवेशनको औचित्य सकिएको निष्कर्षसहित देशभरका महाधिवेशन प्रतिनिधिलाई रोक्न आह्वान गरेको छ । सभापति देउवासहित नेताहरूले आ-आफ्नो निर्वाचन क्षेत्रमा प्रतिनिधि सभाको निर्वाचनमा खट्न निर्देशन दिएको छ ।

तीन महिनादेखि आवधिक महाधिवेशनको विवादमा फसेर उकुसमुकुसको भएको कांग्रेसले आफ्नो म्यादसहित १५औं महाधिवेशनको मितिसमेत वैशाखमा पुऱ्याएको छ । म्याद सकिएको कांग्रेसको १५औं महाधिवेशन प्रनिनिधि सभाको निर्वाचनअघि कि पछि भन्ने द्विपक्षीय विवाद चर्कंदै गर्दा केन्द्रीय कार्यसम्पादन समितिको बहुमतले महाधिवेशनको मिति वैशाख २८ देखि ३१ मा गर्ने निर्णय गरेको छ । तर उक्त निर्णप्रति असहमति लेख्दै महामन्त्री गगन पृष्ठ २ मा

# गणतन्त्रकै पक्षमा रास्वपा संघीयता स्वीकार्ने

वैचारिक अस्पष्टताबारे उठेका प्रश्न चिर्नेगरी रास्वपाले गणतन्त्रको पक्षमा उभिने र संघीयता स्वीकार गर्ने नीति अवलम्बन गर्ने आन्तरिक सहमति गरेको हो ।



"संघीयतालाई स्वीकार गर्ने, संघीय संरचना मानेर जाने तय भएको छ । गणतन्त्र र संविधान स्वीकार गर्ने सहमति भएको छ ।"

**जितराम लामा**
नेता, रास्वपा




**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २० पुस

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) गणतन्त्रै पक्षमा उभिने भएको छ । संघीयता स्वीकार्ने र संविधानले संस्थागत गरेका परिवर्तनका एजेन्डालाई अगाडि बढाउन तयार भएको छ । खासगरी काठमाडौं महानगरका मेयर बालेन्द्र शाह (बालेन) र उज्यालो नेपाल पार्टीका संरक्षक कुलमान घिसिङ मिसिएपछि रास्वपाभित्र वैचारिक प्रश्न पेचिलो गरी उठेको थियो ।

यीलगायत वैचारिक अस्पष्टताबारे उठेका प्रश्न चिर्नेगरी रास्वपाले गणतन्त्रको पक्षमा उभिने र संघीयतालाई स्वीकार गर्ने नीति अवलम्बन गर्ने आन्तरिक सहमति गरेको हो । यस्तो सहमति जुटाउन रास्वपाका सभापति रवि लामिछाने, कुलमान घिसिङ, सुदन गुरुङलगायत छलफलमा बसेका थिए । छलफलमा रवि लामिछानेसँग कुलमान घिसिङले संघीयता, पहिचान, गणतन्त्र र धर्मनिरपेक्षतासहित वैचारिक धारमा लिखित स्पष्टता चाहिने अडान राखे । यसका पछाडि उनले विगतमा रास्वपाले यी एजेन्डामा प्रस्ट केही नभनेको र प्रदेश सभा सदस्यको निर्वाचनमा मतदान नगेको विषय स्मरण गराएका थिए ।

२०७९ को चुनावमा रास्वपाले प्रदेश सभा सदस्यको निर्वाचनमा भाग लिएको थिएन । साथै, रास्वपा सभापति लामिछाने र काठमाडौंका मेयर पृष्ठ २ मा

## युवक बेपत्तापछि प्रहरी र स्थानीयबीच झडप

### यातायात ठप्प, छानबिन समिति गठन

**पूर्ण सार्की / मध्यान्ह**
डोल्पा, २० पुस

डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-५ खदाङमा युवक बेपत्ता प्रकरणले स्थानीय र प्रहरीबीच झडप भएपछि अवस्था तनावग्रस्त बनेको छ । घटनापछि सिंगो जिल्लाको जनजीवन प्रभावित हुन पुगेको छ भने भेरी कोरिडोरअन्तर्गतको सडकखण्ड पूर्ण रूपमा ठप्प भएको छ ।

घटना शुक्रबार साँझ करिब ५:३० बजेको हो । त्रिपुरासुन्दरी नगरपालिका-५ स्थित छेप्के झोलुंगे पुलको घुम्तीमा प्रहरीचौकी करवगाडबाट खटिएको नियमित तथा अनुसन्धान टोलीले चेक प्वाइन्ट राखेर सवारीसाधन तथा व्यक्तिको जाँच गरिरहेको थियो । त्हाँ निवासी ३४ वर्षीय जुन रोकाया त्यही पोस्टनजिकबाट भेरीमा पृष्ठ २ मा

# गाँजाको जोहो गर्न लुटपाट र हत्याको शृंखला

**सपना बोहरा / मध्यान्ह**
काठमाडौं, २० पुस

गत असोज २६ गते राति ओखलढुंगाको सिद्धिचरण नगरपालिका-४ चार्खुमा ५२ वर्षीया रत्नकुमारी कटवाल कार्कीको हत्या गरियो । उनी खेती किसानी गरेर गाउँमै बस्ने एकल महिला थिइन् । हतियारधारी समूहले दाहिनेपट्टिको कन्चट तथा कानको भागमा प्रहार गरी उनको बीभत्स हत्या गरेका थिए । हत्यापछि उनको घरमा रहेका नगद तथा सुनका गरगहना लुटपाट गरियो । छिमेकीले घरबाहिर रगत देखेपछि शंका लागेर हेर्दा उनीहरूको शव भेटिएको थियो ।



ओखलढुंगाकै चिशंखुगढी गाउँपालिका-६ भदौरेमा गत पुस १५ गते ६० वर्षीय शोभितमान थापा मगर र उनकी श्रीमती रत्नमाया थापा मगरको हत्या भयो । उनीहरूलाई सुरुमा कुटपिट र पछि धारिलो हतियार प्रहार गरी हत्या गरिएको प्रहरी अनुसन्धानले देखाएको छ । श्रीमान् श्रीमतीलाई दाहिनेपट्टिको कन्चट तथा कानको पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

# ओमानले कडा बनायो कामदार भिसा प्रक्रिया

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० पुस

खाडी मुलुक ओमानले शैक्षिक र व्यावसायिक प्रमाणपत्रहरूसँग जोडेर विदेशी कामदारलाई दिने भिसा प्रक्रियाका नियमहरूलाई कडा बनाएको छ । ओमानको यो कदमले केही पेशाहरूमा विदेश कामदारहरूले ओमान जानुअघि नै कागजातका आधारमा आफू योग्य रहेको प्रमाणित गर्नुपर्ने छ । ओमानी अधिकारीहरूले पृष्ठ २ मा

## प्रगतिशील मञ्चका अध्यक्ष रावल उम्मेदवार सिफारिस



**काठमाडौं / मस–** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावल नेकपा एमालेका तर्फबाट अछाम क्षेत्र नं. १ बाट प्रतिनिधि सभा सदस्य पृष्ठ २ मा

VACANCY
ANNOUNCEMENT
One of the Reputed Recruitment Agency is seeking for following Applicants.
Public Relation Officer (PRO) : 3 (M/F)
Salary Negotiable
Requirements:
★ Qualification: +2 Passed & Basic computer knowledge
★ Experienced in the related fields.
Receptionist & Documentation : 2 (Female)
Requirements:
★ Qualification: +2 Passed & Computer knowledge is Most
★ Fresher can also apply
Drop your CV at apollomanpower2017@gmail.com
APOLLO MANPOWER SERVICES PVT. LTD.
Lic No: 22/048/049 Pinglasthan-09, Gaushala, Kathmandu, Tel.: 01-5901748, 5901370

**चार...**
मिति तोकिएको छ । तर एमालेले कार्की नेतृत्वको अन्तरिम सरकार गठन र प्रतिनिधि सभा विघटनविरुद्ध प्रश्न उठाएर न्यायिक परीक्षणका लागि सर्वोच्च अदालतमा मुद्दा हालेको छ । सरकार गठन प्रक्रियामै प्रश्न गरिरहेका एमाले अध्यक्ष केपी शर्मा ओली सोही सरकारले गठन गरेको जाँचबुझ आयोगलाई स्टेटमेन्ट दिन तयार भए । जबकि, ओलीले बरु गोली खान परे पनि बयान दिन नजाने अभिव्यक्ति दिएका थिए । आयोगका अध्यक्ष कार्की र सदस्यहरू सिंहदरबारमै ल्याएर बयान लिने भनिरहेका थिए । यस्तोमा आयोगले बयानको औपचारिकता पूरा गरेको हो । यसलाई कतिपयले सरकार र एमाले दुवैको इगो व्यवस्थापनको विन-विन अवस्थाका रूपमा व्याख्या गरेका छन् । बयानका क्रममा समेत ओलीले आयोगको औचित्यमाथि आफूहरूको फरक राय रहेको समावेश गरेका छन् ।

जाँचबुझ आयोगले ओलीको अलावा यसअगाडि नै तत्कालीन गृहमन्त्री रमेश लेखक, गृहसचिव गोकर्णमणि दुवाडीलगायत सुरक्षा निकायका अधिकारीको बयान लिएको छ । राष्ट्रपति रामचन्द्र पौडेल, पूर्वप्रधानमन्त्रीद्वय शेरबहादुर देउवा र पुष्पकमल दाहाल प्रचण्डको पनि लिखित सुझाव लिएको छ । अन्तिममा आयोगले तत्कालीन प्रधानमन्त्री ओलीको स्टेटमेन्ट लिएको हो ।

जाँचबुझ आयोगका प्रवक्ता विज्ञानराज शर्माले भनेका छन्, 'आज हामीले उहाँ (केपी शर्मा ओली)को स्टेटमेन्ट लिएका छौं ।' उनका अनुसार, ओलीसहित पूर्वप्रधानमन्त्रीहरू शेरबहादुर देउवा र पुष्पकमल दाहाल प्रचण्डलाई प्रश्नावली पठाइएकोमा ओलीको लिखित बयान आएको हो । पूर्वप्रधानमन्त्रीहरूको मर्यादामा आँच नआउनेगरी लिखित प्रश्न पठाएर सुझावसहितको बयान लिने निर्णयमा आयोग पुगेको सम्बद्ध स्रोतको दाबी छ । गुन्डु पुगेका आयोगका प्रतिनिधिलाई ओलीले लिखित रूपमा नै बयान दिएका छन् । ओलीले बयानका क्रममा के भनेका छन् भन्ने सार्वजनिक भएको छैन । सार्वजनिक रूपमा भने ओलीले जेनजी आन्दोलनका क्रममा भएका घटनामा जिम्मेवारी नलिने अडान राख्दै आएका छन् । २३ भदौको मध्यान्हअघिको आन्दोलनमा आफ्नो पनि समर्थन रहेको तर घुसपैठ गरेर स्थितिलाई भड्काएर २४ भदौको परिस्थिति सिर्जना गर्ने षडयन्त्र गरिएको उनको दाबी छ । बयानपछि ओलीलाई लगाइएको स्थानहद फुकुवा गर्ने तयारी छ ।

**कांग्रेसमा...**
थापा, विश्वप्रकाश शर्मासहित पाँच नेताहरूले फरक मत जाहेर गरे । नेता अर्जुननरसिंह केसी, फर्मुल्ला मन्सुर र उमा रेग्मीले फरक मत राखेको बताए । उनीहरूले गत तीन महिनाअघि नै विशेष महाधिवेशन पक्षधरको नेतृत्व गर्दै आएका छन् । देशभरका ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले असोज २९ गते हस्ताक्षरसहित विशेष महाधिवेशन माग गरेका थिए । सोहीअनुसार महामन्त्रीसहित नेताहरूले विशेष महाधिवेशनको तयारी गरेका छन् ।

उनीहरूले जेनजी आन्दोलनबाट कोमामा पुगेको कांग्रेसलाई उठाएर जनतामाझ बलियो पार्टी बनाउन नीति र नेतृत्व नै परिवर्तन गर्नुपर्नेमा जोड दिँदै आएका छन् । उनीहरूले यही पुस २७-२८ मा विशेष महाधिवेशन गर्न भृकुटीमण्डपमा हल बुकिङ गरिसकेका छन् । महामन्त्री गगनकुमार थापाले नियमित महाधिवेशनको मिति वैशाख २८ देखि ३१ मा सारिएपछि विशेषको महाधिवेशनको विकल्प नभएको बताए । उनले भनेका छन्, 'हामीले नियमित महाधिवेशन पुसभरिमा गर्ने तालिका नै ल्याएका थियौं । तर नियमित महाधिवेशन असफल बनाउन नेताहरू नै लागे । समयमा आवधिक महाधिवेशन नहुने भएपछि विशेष महाधिवेशन माग गरेका देशभरका महाधिवेशन प्रतिनिधिहरूको मागलाई हामीले नजरअन्दाज गर्न मिल्दैन । विधानको धारा १७ '२' अनुसार पुस २७-२८ का लागि विशेष महाधिवेशन आह्वान भइसकेको छ । यो रोकिँदैन ।' जेनजी आन्दोलनको एक महिनापछि अर्थात् असोज २८ गतेबाट बैठक गर्न थालेको कांग्रेसले मंसिर १५मा पुस २६-२९ को म्याद राखेर नियमित महाधिवेशन आह्वान गरेको थियो । तर कार्यतालिकाअनुसार वडा तहकै अधिवेशन हुन सकेन । तर सभापति शेरबहादुर देउवा निवासमा आइतबार बसेको पदाधिकारी बैठकले विशेष महाधिवेशनको औचित्य समाप्त भइसकेको निष्कर्ष निकाल्दै देशभरका नेता कार्यकर्तालाई आफ्नो निर्वाचन क्षेत्रमा होमिन निर्देशन दिएका छन् । कांग्रेस नेता कृष्ण सिटौलाले कांग्रेसल निर्वाचनमा एक भएर लाग्नुपर्ने अवस्था रहेकाले आन्तरिक विवादलाई थाती राख्नुपर्ने बताए । उनले भने, 'कांग्रेसको नियमित महाधिवेशनको समय नै तोकिसकिएकाले विशेष महाधिवेशनको औचित्य समाप्त भइसकेको छ । निर्वाचनमा एक ढिक्का भएर अघि बढ्नुपर्ने अवस्थामा आन्तरिक विवादमा फस्नुहुँदैन । हामी अब निर्वाचनमै केन्द्रित हुनुपर्छ ।'

तर संस्थापन पक्षधर नेताहरूले विशेष महाधिवेशनको विशेष महाधिवेशन बोलाउने तयारीमा रहेका नेताहरूले पार्टी विभाजनभन्दा पनि विधानलाई कार्यान्वयन गरेर जाने बताएका छन् । विशेष महाधिवेशन अभियानमा एक अभियन्ता देवराज चालिसेले शीर्ष नेता र उनको वरिपरि घुम्नेहरूबाट पार्टीलाई खतरा भएको टिप्पणी गरे । उनले भने, 'कांग्रेस कोमामा पुगिसक्दा समेत नेताहरूको चेत खुलेको छैन । उनीहरूका पछि लागेर नियमित खाइपाई आएका मुठ्ठीभर व्यक्तिहरूले नेताहरूलाई गलत सल्लाह दिनेहरूबाट पार्टीको विधि विधानमाथि थप खतरा बढेको हो ।' पार्टी शीर्ष नेतृत्वलाई नै सहभागी गराएर नीतिगत भेलाकोका रूपमा अघि बढाउने विकल्पबारे समेत छलफल भइरहेको छ । संस्थापन पक्षका अधिकांश नेताहरूले विशेष महाधिवेशन माग गर्ने ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूको भावनामाथि खेलबाड गरेको नेताहरूको टिप्पणी छ । तर संस्थापन पक्षले विशेष महाधिवेशन पक्षधर नेताहरूलाई पेलेरै जाने मनस्थितिमा छन् । माघ ११ मा हुने राष्ट्रिय सभाको निर्वाचनका लागि पुस २३ मा उम्मेदवारी दिन तयारी गर्नुपर्ने र फागुन २१ को प्रतिनिधि सभा निर्वाचनका लागि उम्मेदवार छनोटलगायत चुनावी तयारीमा लाग्नुपर्ने नेताहरूको भनाइ छ । निर्वाचनको तयारीमा जुट्नुपर्नेबेलामा विशेष महाधिवेशनका नाममा बखेडा निकाल्दा निर्वाचनमा असर पुग्ने पार्टी सहमहामन्त्री महेन्द्र यादवले बताए ।

केन्द्रीय समितिको बैठकले नियमित महाधिवेशनको मिति तोकेर अघि बढिसकेकाले विशेष महाधिवेशन नहुने सञ्चार तथा प्रचार विभाग प्रमुख मीनबहादुर विश्वकर्माले बताए । 'कांग्रेसको १५औं महाधिवेशन वैशाख २८ देखि ३१ मा निर्णय नै भइसकेको छ,' उनले मध्यान्हसँग भने, 'विशेष महाधिवेशन मागकर्ता साथीहरूसँग पार्टीका नेताहरूको निरन्तर संवाद भइरहेको छ । संवादबाटै समस्या समाधान गर्ने र सबै एक ढिक्का भएर निर्वाचनमा होमिनेबेलामा फेरि आन्तरिक समस्यामा कांग्रेस अल्झिनुहुँदैन ।' गत शुक्रबार कार्यवाहक सभापति खड्काले कांग्रेसको विधान, २०१७ 'संशोधनसहित'को धारा ४३ बमोजिम पार्टीका सबै तह र निकायका पदाधिकारी तथा सदस्यहरूको पदावधि २०८३ जेठ मसान्तसम्म' थप्ने प्रस्ताव गरेका थिए । सोही प्रस्तावलाई कार्यसम्पादन समितिले निर्णय गरेको बताएको छ । यता विशेष महाधिवेशन पक्षले देशभरका महाधिवेशन प्रतिनिधि काठमाडौं बोलाएको छ भने संस्थापन पक्षले कोही पनि काठमाडौं आउनु नपर्ने बताएको छ ।

**गणतन्त्रकै...**
बालेनले प्रदेश सभा सदस्यको निर्वाचनमा मतदानसमेत गरेका थिएनन् । साथै, रास्वपाले राष्ट्रिय सभाको निर्वाचनमा समेत भाग लिएको छैन । आगामी माघ ११ गते राष्ट्रिय सभाको निर्वाचन हुँदै छ । उक्त निर्वाचनमा भाग लिनेगरी १३ वटा राजनीतिक दलले दल दर्ता गरेका छन् । तर रास्वपाले राष्ट्रिय सभा सदस्यको निर्वाचन प्रयोजनका लागि दल दर्ता गरेको छैन । यो पृष्ठभूमिमा नवगठित रास्वपाभित्र वैचारिक अस्पष्टाबारे पेचिलो गरी प्रश्न उठेको थियो । त्यसलाई चिर्नेगरी उनीहरूले आन्तरिक सहमति गरेका हुन् । तर लिखित रूपमा भने अझै केही भनिएको छैन । बैठकपछि नेता जितराम लामाले भनेका छन्, 'संघीयतालाई स्वीकार गर्ने, संघीय संरचना मानेर जाने तय भएको छ । गणतन्त्र र संविधान स्वीकार गर्ने सहमति भएको छ ।' यसका साथै रास्वपामा बालेन र कुलमान पक्षको समायोजनपछि बन्ने पदाधिकारी र केन्द्रीय समितिको विषयमा समेत छलफल भएको छ । नेताहरूका अनुसार चार पदाधिकारी बालेन र कुलमान समूहलाई दिइने भएको छ ।

रास्वपाले काठमाडौं महानगरपालिकाका प्रमुख बालेन शाह, ऊर्जामन्त्री समेत रहेका उज्यालो नेपाल पार्टीका संरक्षक कुलमान घिसिङसँग पुस १३ र १४ गते सात/सात बुँदे सहमति गरेको थियो । पार्टी एकीकरण एवं विस्तार कार्यान्वयनका लागि सम्झौता कार्यान्वयन गर्ने निर्णय गर्दै रास्वपाले सहमतिअनुसार थपिएको चारवटा पदाधिकारी कुलमान र बालेन समूहलाई दिने सहमति जुटाएको हो ।

आइतबार रास्वपाको केन्द्रीय कार्यालय वनस्थलीमा केन्द्रीय समितिको बैठक बसेको थियो । बैठकले बालेन शाहसहित २६ जनालाई केन्द्रीय समिति सदस्यमा मनोनीतसमेत गरेको छ । पार्टी प्रवक्ता मनीष झाका अनुसार आइतबार मात्रै विवेकशील साझा पार्टीबाट आएका सात जनालाई केन्द्रीय समितिमा मनोनीत गरिएको छ ।

**युवक...**
हाम फालेर बेपत्ता भएपछि विवाद बढेको हो । प्रहरीले आफ्नो टोली देखेपछि उनी आफैं नदीमा हाम फालेको दाबी गरेको छ । जिल्ला प्रहरी कार्यालय डोल्पाका प्रहरी नायब निरीक्षक रुकबहादुर खड्काले मध्यान्हसँग भने, 'शंकास्पद वस्तु ओसारपसार हुँदै छ भन्ने सूचना थियो । सो सूचनाका आधारमा प्रहरीले चौकीभन्दा टाढा नै चेकजाँच सुरु गरेको थियो । तर प्रहरीले उनलाई चेकजाँच गर्न नपाउँदै आत्तिएर भेरीमा हाम फालेका हुन् ।'

बेपत्ता युवकले भेरीमा हाम फालेको सूचना पनि आफूहरूलाई स्थानीय एक गोठाला बालकले दिएको खड्का बताउँछन् । रोकाया प्रहरीलाई देखेर भागेर बेपत्ता भएको प्रहरीले दाबी गरे पनि स्थानीयले भने उनलाई प्रहरीले नै बेपत्ता पारेको आरोप लगाएका छन् । यही विषयलाई लिएर आक्रोशित स्थानीयले शनिबार अपराह्न खदाङस्थित इलाका प्रहरीचौकी करवगाड घेराउ गरेपछि स्थिति चर्किएको थियो ।

प्रहरीले भेरीमा बेपत्ता परेको भन्दै करिब २ सय स्थानीय प्रहरीचौकी घेराउ गएपछि प्रहरीबीच भनाभन र झडप भएको थियो । अवस्था तनावग्रस्त बनेपछि थप सुरक्षाकर्मी परिचालन गर्दै साम्य बनाउन खोजिए पनि स्थिति नियन्त्रणभन्दा बाहिर गयो । स्थिति नियन्त्रणमा लिन सशस्त्र प्रहरी बल नं. ४६ गुल्म डोल्पाबाट सशस्त्र प्रहरी निरीक्षक धिरेन्द्रबहादुर बडुवाल तथा जिल्ला प्रहरी कार्यालय डोल्पाबाट प्रहरी नायब उपरीक्षक खड्काको नेतृत्वमा सुरक्षा टोली घटनास्थलतर्फ परिचालनसमेत गरियो ।

शनिबार दिनभर प्रहरीचौकी घेराउ र तोडफोडसमेत भएको थियो । सो क्रममा केही समय खदाङ क्षेत्र तनावग्रस्त बनेको थियो । हाल घटनास्थलमा सुरक्षा व्यवस्था कडा पार्दै अवस्था सामान्य बनाउने प्रयास भइरहेको प्रहरीले जनाएको छ ।

बेपत्ता युवक रोकायाको खोजी कार्यमा आइतबार बिहानदेखि सशस्त्र प्रहरी बलको गोताखोर टोलीसहित तीव्र बनाइएको छ । घटनास्थलदेखि डोल्पा-रुकुम पश्चिमको सिमाना त्रिवेणी बजारसम्म भेरी नदी क्षेत्रकेन्द्रित खोजी गरिए पनि ४८ घण्टा बितिसक्दा समेत युवकको कुनै अत्तोपत्तो लागेको छैन ।

घटनापछि आक्रोशित स्थानीयले शनिबार साँझदेखि यातायात अवरुद्ध गरेपछि भेरी कोरिडोरअन्तर्गत पर्ने सडकखण्डमा सवारी आवागमन पूर्ण रूपमा ठप्प भएको छ । स्थिति थप जटिल नहोस् भनी डोल्पा भित्रिने सवारीसाधन त्रिवेणी बजारमा र डोल्पाबाट बाहिरिने सवारीसाधन त्रिपुराकोट बगर बजारमा रोकिएको छ । यातायात ठप्प हुँदा सिंगो जिल्ला प्रभावित बनेको छ । घटनाबारे छलफल तथा समाधान खोज्न त्रिपुरासुन्दरी नगरपालिकाका नगर प्रमुख, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, जनप्रतिनिधिसहितको बैठक बसे पनि कुनै निष्कर्ष आएन । बेपत्ता युवकका केही आफन्तले जिल्ला प्रहरी कार्यालयमा पनि धर्ना दिइरहेका छन् । यसैबीच, घटनाको सत्यतथ्य छानबिन गर्न कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतले प्रहरी उपरीक्षक (एसपी) रामप्रसाद घर्ती मगरको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेको छ । प्रदेश प्रहरी कार्यालयका प्रहरी निरीक्षक खिमबहादुर खड्का र प्रहरी सहायक निरीक्षक (असई) प्रेमप्रसाद शर्मा सदस्य सदस्य रहेको टोली आइतबार साँझ मात्रै डोल्पा पुगेको छ ।

**गाँजाको...**
भागमा प्रहार गरी बीभत्स हत्या गरेर स्याउलाले छोपेर लुकाइएका थिए । उनीहरूले पसल तथा कोठामा रहेको अन्दाजी १ लाख नगद तथा सुनको गरगहना र काँचो सुनसमेत गरी ६ तोलासमेत लुटपाट गरी लगेका थिए ।

दुई महिनाको अवधिमा एकै प्रकृतिको घटना घट्दा स्थानीय त्रसित भए । हत्यारा पत्ता लगाउन नसकेपछि प्रहरी गहिरो अनुसन्धानमा जुट्यो । अनुसन्धान क्रममा दुवै घटनाको रहस्य पत्ता लागेको प्रहरीले जनाएको छ । हत्या गर्ने हत्यारा टाढाका थिएनन् । चिशंखुगढी गाउपालिका-३ का २८ वर्षीय मिलन भन्ने संगम राई, सोही गाउँपालिका-४ का ३० वर्षीय विनोद राई, ३० वर्षीय प्रकाश भुजेल र वडा नम्बर ८ का दोर्जे भनिने अशोक भुजेल रहेको प्रहरीले जनाएको छ । दुवै घटनामा संलग्नताको आरोपमा प्रहरीले चार युवकलाई पक्राउ गरी आइतबार सार्वजनिक गरेको छ ।

पक्राउ परेकामाथि कर्तव्य ज्यान, डाँका तथा हातहतियार खरखजानासम्बन्धी कसुरमा जिल्ला अदालत ओखलढुंगाबाट म्याद थप गरी अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय ओखलढुंगाले जनाएको छ । प्रहरीले उनीहरूको साथबाट हत्या तथा लुटपाटमा प्रयोग भएको चक्कु, ७ दशमलव ६५ एमएमका गोलीका खोका, मोबाइल, गरगहना, नगद बरामद गरेको छ । घटनामा संलग्न अभियुक्तलाई नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्युरो सिआइबी, कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर तथा जिल्ला प्रहरी कार्यालय ओखलढुंगाको संयुक्त टोलीले तालिम प्राप्त कुकुरको सहयोगमा पक्राउ गरिएको हो । रत्नकुमारीको हत्या गरेका राई दोस्रो घटना भएको पाँच दिनपछि पक्राउ परेका हुन् । जिल्ला प्रहरी कार्यालय ओखलढुंगाका प्रहरी नायब उपरीक्षक मदन केसीले लुटपाट गर्ने उद्देश्यले हत्या भएको बताउँछन् । 'उनीहरू गाजा सेवन गर्ने दुर्व्यसनी हुन्,' उनले भने, 'लुटपाट गर्ने क्रममा ज्यान मार्नेसम्म अपराध गरे ।'

पहिलो घटनाको अनुसन्धान गर्ने क्रममै दोस्रो घटना भएको र उस्तै प्रकृतिको घटना भएकाले उनीहरूलाई नै शंका गरेर राखेर अनुसन्धान गरिएको उनले बताए । पहिले लुटपाट गर्ने अनि परिचय खुल्ने डरले हत्या गर्ने गरेको अभियुक्तले प्रहरीसमक्ष बयान दिएका छन् ।

**ओमानले...**
नक्कली प्रमाणपत्रहरू पेस भएको अवस्थामा कडा कारबाही गर्ने चेतावनी दिएका छन् । ओमानको श्रम मन्त्रालयका निर्देशक जहेर बिन अब्दुल्लाह अल शेखले आप्रवासी कामदारको सीपसम्बन्धी कागजातहरूको प्रमाणिकतामा कुनै पक्षपात नहुने बताएको गल्फ न्युजले उल्लेख गरेको छ ।

गल्फ न्युजले ओमानी श्रम मन्त्रालयले रोजगारीका लागि नक्कली प्रमाणपत्रहरू समावेश गर्ने घटनाहरू बढेको पत्ता लगाएपछि कडाइ गर्न सुरुवात गरेको बताएको छ । ओमानले आफ्नो मुलुकका रोजगारदातालाई विदेशी कामदारले रोजगारीका लागि पेस गरेका कागजात गम्भीरतापूर्वक छानबिन गर्नुपर्ने भन्दै गलत गर्नेलाई विदेशी कामदार ल्याउन प्रतिबन्ध लगाउने, जरिमाना गरी इजाजतपत्र रद्द गर्ने बताएको छ ।

पछिल्लोपटक गरिएको कडाइ व्यावसायिक स्तरलाई सुदृढ पार्न, पारदर्शितामा सुधार गर्न, रोजगारदाताहरूको सुरक्षा गर्न तथा स्थानीय ओमानीलाई रोजगारमा लगाउने व्यापक श्रम बजार सुधारका अंश भएको बताइएको छ ।

हाल ओमानमा २५ हजार नेपाली कार्यरत छन् । तर पछिल्ला दिनमा रोजगारीका लागि ओमान जाने क्रममा सुस्तता आएको छ । नेपाल सरकारले ओमानसँगको श्रम सम्झौतालाई अन्तिम चरणमा पुऱ्याएको र हस्ताक्षरका लागि ओमानी पक्षको जवाफ पर्खिरहेको बताए पनि हालसम्म श्रम सम्झौता हुन सकेको छैन ।

नेपाली कामदारको सम्पूर्ण खर्च रोजगारदाताले व्यहोर्ने गरी नेपाल र ओमानबीच सहमति जुटेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बताएको थियो । भिसा, शुल्क, टिकट, बिमा, स्वास्थ्य परीक्षण खर्च रोजगारदाताले नै व्यहोर्ने र बिरामी भए औषधि उपचारसमेत रोजगारदाताले व्यहोर्ने कार्यदलस्तरमा सहमति भएपनि सम्झौता नहुँदा नेपाली कामदारले लाभ पाउन सकेका छैनन् भने उक्त मुलुक जाने क्रममा पनि सुस्तता देखिएको छ ।

**प्रगतिशील...**
निर्वाचनका लागि उम्मेदवार सिफारिस भएका छन् । प्रतिनिधि सभा निर्वाचन क्षेत्र समन्वय कमिटी क्षेत्र नं. १ अछामले व्यवसायी रावललाई उम्मेदवार सिफारिस गरेको हो । रावल अछामको मेल्लेख गाउँपालिका-६ का स्थायी बासिन्दा हुन् ।

रावलसँगै कमलराज तिमिल्सेना, झपट बोहरा तिमिल्सेना, मनसरा साउद, कृष्णप्रसाद जैसी मेल्लेख, तिलक कुँवर, मोति बि.क., पूर्ण साउद र केशर साउद पनि उम्मेदवार सिफारिस भएका छन् ।

२०७९ माघ २७ देखि मञ्चको अध्यक्ष रहेका व्यवसायी रावल नेकपा एमाले सुदूरपश्चिम प्रदेश कमिटीका पूर्व सदस्य हुन् । मञ्चका संस्थापकमध्येका रावलले दुई कार्यकाल मञ्चको सदस्य, दुई कार्यकाल उपाध्यक्ष र एक कार्यकाल महासचिवको जिम्मेवारी पूरा गरिसकेका छन् ।


# पूर्वाधार विकास कार्यालय
**विराटनगर, मोरङ**
**कोशी प्रदेश, नेपाल**

## पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- ❖ सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- ❖ सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ❖ ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- ❖ घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- ❖ निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झर्दै ढुवानी नगरौं ।
- ❖ सडकको दायाँ-बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- ❖ सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- ❖ सडक, बाटो तपाई हाम्रो साझा सम्पति हो त्यसैले संरक्षण गरौं ।
- ❖ सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- ❖ सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
- ❖ दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- ❖ प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- ❖ दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पूर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- ❖ आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- ❖ विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।



# हेलम्बु गाउँपालिका
ཨོཾ། །ཧེ་ལམ་བུ་ཡུལ་སྡེ་ལས་ཁུངས། །
# गाउँ कार्यपालिकाको कार्यालय
**हेलम्बु, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

## बोलपत्र/शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८२/०९/२१**

हेलम्बु गाँउपालिकाले तपसिलको कार्यहरुको लागि प्रकाशित गरेको बोलपत्र/शिलवन्दी दरभाउपत्र आह्वानको सूचना बमोजिम तोकिएको समयभित्र रीतपूर्वक दर्ता भएका बोलपत्र/दरभाउपत्रहरुमध्ये तपसिलमा उल्लिखित बोलपत्रदाता/दरभाउपत्रदाताहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही पाइएकोले क्रमशः सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) र २७ (२) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम (१०) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | स्वीकृत हुने फर्मको नाम | कबोल अङ्क (रू.) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | 04-05-082-83 SQG-HRM | Supply and Delivery of Medicine and Surgical items for Helambu Hospital | Helping Multipurpose Pvt Ltd | ९,८०,४३९.०० /- (मु.अ. कर बाहेक) | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को उपनियम (१०) |
| 2 | 01-02-082-83 NCBW-HRM Re | Siureni Sichai Ward-06, Helambu(Re notice) | Abhidha International pvt Ltd | ७५,२१,७९८.२५ /- (मु.अ. कर र PS बाहेक) | सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) र २७ (२) |
| 3 | 03-04-082-83 NCBW-HRM | Manchaur Thulo Dhunga Ghatterumto Mahankalfat Sichai Kulo Nirman, Helambu 07 | G.N Hyolmo Construction Pvt.Ltd | १५,२९,२५९.०३/- (मु.अ. कर र PS बाहेक) | सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) र २७ (२) |

**प्रमुख प्रशासकीय अधिकृत**

# सुमो दुर्घटनामा ६ जनाको मृत्यु

**काठमाडौं/मस-** हेटौंडा-काठमाडौं जोड्ने भीमफेदी-कुलेखानी-काठमाडौं सडक खण्डअन्तर्गत भीमफेदी गाउँपालिका–६ जुरीखेतस्थित सडकमा आइतबार साँझ सुमो गाडी दुर्घटना हुँदा ६ जनाको मृत्यु भएको छ।



काठमाडौंबाट हेटौंडातर्फ जाँदै गरेको ना१ज १७७८ नंको सुमो गाडी दुर्घटना हुँदा घाइते भएका नौ जनामध्ये ६ जनाको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता, प्रहरी नायब उपरीक्षक पुष्कर बोगटीले जानकारी दिए। मृतकहरूको सनाखत हुन बाँकी छ।

प्रवक्ता बोगटीका अनुसार घाइतेलाई उद्धार गरी उपचारका लागि हेटौंडा अस्पताल पुऱ्याइएको थियो। तीन जनाको भने सोही हेटौंडा अस्पतालमा उपचार भइरहेको छ।

उक्त स्थानमा यसअघि पनि तीनवटा हलुका सवारी साधन दुर्घटना भएका थिए।

इलाका प्रहरी कार्यालय भीमफेदीबाट खटिएको प्रहरी टोलीले सुमोमा सवार घाइते र मृतकको उद्धार गरेको थियो। दुर्घटनास्थल इलाका प्रहरी कार्यालय भीमफेदीबाट करिब तीन किलोमिटर उत्तर-पूर्वतर्फ रहेको छ। दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# सूर्यगढी १ र २ का ७ सय विद्यार्थीलाई न्यानो कपडा वितरण

**कविता लामिछाने/मध्यान्ह**
नुवाकोट, २० पुस

नुवाकोको सूर्यगढी वडा नं. १ र २ का १० विद्यालयमा न्यानो कपडा (विद्यालय पोसाक), झोला, टोपी र स्टेशनरी सामग्री वितरण गरिएको छ।



नागरिक सचेतना समाज नेपाल र लायन्स क्लव अफ काठमाडौं शुभआरम्भको प्रयासमा ७ सय विद्यार्थीहरुमा ट्रयाकसुट, टिर्सट, स्वीटर, टोपी, झोला र स्टेशनरी सामग्री वितरण गरिएको नागरिक सचेतना समाज नेपालका महासचिव तथा लायन्स डिष्ट्रिक एलका जोन ३५ का जोन चियसपर्सन सुशान्त न्यौपानेले जानकारी दिए। यस कार्यलाई सफल बनाउन एन्जल्स हर्ट मा.वि.का प्रिन्सिपल तथा नागरिक सचेतना समाज नेपालका कार्यसमिति सदस्य धनबहादुर पुनप्रति न्योपानेले विशेष धन्यवाद प्रकट गरेका छन्।

न्यौपानेकाअनुसार विद्यालय पोसाक उपलब्ध गर्ने संस्था तथा व्यक्तिहरुमा काठमाडौं युरो स्कुल बानियाँटार, त्रियोग हाई स्कुल, एन्जल्स हर्ट मा.वि.,नागरिक सचेतना समाज, कोसेली पब्लिकेसन, कौशल हाई स्कुल, नर्थस्टार स्कुल, काठमाडौं शिक्षालय, हिमरश्मि हाई स्कुल, प्रारम्भ वर्ल्ड स्कुल, एशिया प्यासिफिक कलेज, वातशल्य किन्डरगार्टेन स्कुल, शुभकामना इङलीस बोडिङ स्कुल, हेराल्ड इन्टरनेशनल कलेज, तारकेश्वर सरसफाई तथा वातावरण संरक्षण प्रा.लि., जेनियल मोर्डन एकेडेमी, केजिएस स्कुल, काठमाडौं लिंकन स्कुल, तेजस्वी एकेडेमी, ल्याण्डमार्क एकेडेमी, त्रिशुली मिनरल वाटर, पानी उत्पादक संघ काठमाडौं, अमेरिकाको कोलोराडोमा बस्दै आएका गैरआवासीय नेपाली संघ एनआरएनए राष्ट्रिय समन्वय परिषद्-अमेरिकाका महिला सचिव संगिता लामा लामिछाने, अमेरिकामा बसोबास गर्ने बुद्धिमान तामाङ, गोल्डेन पिक स्कुल, इन्डीगो पेन्ट्स, ए एण्ड बी पानी ललितपुर, एन्जल्स मार्ट, सर्वशक्ति सहकारी लिमिटेड, सृजना बुर्लाकोटी, ई. कञ्चन भट्ट, इच्छाराम कार्की, कान्छा लामा लगायतको सहयोग रहेको थियो।

शुक्रबार नुवाकोटको सूर्यगढी-१ को दुधेदेवी मा.वि.मा आयोजित विद्यालय पोसाक वितरण कार्यक्रममा बोल्दै कार्यक्रमका संयोजक सुशान्त न्यौपानेले सहयोगी संस्थाहरूलाई धन्यवाद दिँदै आगामी दिनमा पनि सामाजिक सेवाको कार्यमा हातेमालो गर्न सबैलाई आग्रह गरेका थिए। न्यौपानेले कोही पनि नपुगेका विकट ठाउँमा पुगेर सामुदायिक विद्यालयका भाईबहिनीहरुलाई यो चिसोमा न्यानो कपडा वितरण गर्न पाउँदा खुसी व्यक्त गरे।

न्यानो कपडा वितरणका लागि कार्यक्रम संयोजक सुशान्त न्यौपाने, भूपाल गौतम, कुमार ढकाल, तिलक पौडेल, श्रीराम केसी फुटुङ्गे, कृष्ण भट्टराई मुकुन्द प्रसाद पाण्डे र त्रियोग स्कुलका शिक्षक तथा विद्यार्थीहरुको सहभागिता रहेको थियो।

काठमाडौं यूरो, हेराल्ड र कौशलले कालिका माध्यमिक विद्यालय, शिलाकन्या देवी मा.वि. र जनहित आधारभूत विद्यालयका लागि स्वेटर र ट्रयाकसुटको व्यवस्था गरेका थिए भने त्रियोग स्कुलले कालिका आधार भूत विद्यालयका लागि ट्रयाकसुटको व्यवस्था गरेको थियो। न्यानो कपडा प्राप्त गर्ने विद्यालयमा सूर्यगढी १ मा रहेको दुधेदेवी माध्यमिक विद्यालय, कालिकादेवी आधारभूत विद्यालय, लच्याङ आधारभूत विद्यालय, निर्गुभूमे आधारभूत विद्यालय, जनशक्ति आधार भूत विद्यालय, महाकाली आधारभूत विद्यालय, गौरीशंकर आधारभूत विद्यालय त्यस्तै वडा नं. २ को कालिका माध्यमिक विद्यालय, शिलाकन्या देवी माध्यमिक विद्यालय, जनहित आधारभूत विद्यालय रहेका छन्।

दुधेदेवी मा.वि.मा अध्ययनरत १ सय ७१ जना विद्यार्थीलाई ट्रयाकसुट, टिर्सट र टोपी, कालिकादेवी आधारभूत आ.वि.का ४९ जनालाई ट्रयाकसुट, टिर्सट र टोपी वितरण गरिएको थियो। त्यस्तै लच्याङ आ.वि.का ५३, निर्गुभूमेका ४० र जनशक्तिका ५८ जनालाई ट्रयाकसुट, टिर्सट वितरण गरिएको थियो। महाकाली आ.वि.का २४ जनालाई ट्रयाकसुट, टिर्सट, झोला, टोपी र स्टेशनरी सामाग्री वितरण गरिएको थियो। गौरीशंकर आ.वि.का १४ जनालाई ट्रयाकसुट, टिर्सट र टोपी वितरण गरिएको थियो। कालिका मा.वि.का १ सय ९६ जनालाई स्वेटर र केही ट्रयाकसुट तथा टिर्सट वितरण गरिएको थियो। जनहित आधारभूत विद्यालयका १५ जनालाई स्वेटर र शिलाकन्या देवीमा केही थान स्वेटर वितरण गरिएको थियो।


## मोटरसाईकल हराएको सूचना

मिति २०८२/०७/१३ गते ६:१५ बजेको समयमा काठमाडौं जिल्ला का.म.पा.वडा नं. १३ कालिमाटिमा पार्किङ गरि राखेको लु.प्र.०१-००९ प ४३०० नम्बरको रातो कालो रङको एन एस 200 CC पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहोला।

**सवारी धनी: हुलास फिन्सर्भ हायर पर्चेज लि.**
**ऋणिको नाम: सुरज के.सी**
**च्यासिस नं.: MD2A36FX8SCD91707**
**इन्जीन नं.: JLXCSD91790**
**सम्पर्क: ९८६९७९४०६६**



# सुन्दरहरैंचा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**विराटचोक, मोरङ**
**कोशी प्रदेश, नेपाल**

## शीतलहरबाट बच्ने सम्बन्धमा नगरबासीहरूमा जारी गरिएको अत्यन्त जरूरी सूचना

- गोडा माथि देखिनै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौ ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- शीतलहरको समयमा गर्भवती तथा प्रसुती महिला, अशक्त र ज्येष्ठ नागरिका तथा बाल बालिकाको हीतप्रति सचेत बनौं । शीतलहरको प्रभाव र प्रकोप देखा पर्ना साथ नजीकको स्वास्थ्य चौकीमा सम्पर्क गरौ ।
- आमाको दूध खाने बच्चाहरूलाई नियमित रूपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरू प्रशस्त सेवन गरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आई परेमा, ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका वन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्यु समेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा वच्चाहरूलाई एक्लै नछोडौं ।
- खाने कुराको पर्याप्त व्यबस्था गरी, गेडागुडी र झोलिलो पदार्थको सेवन गरौं ।
- सुत्ने समयमा न्यानो कपडाहरु-सिरक, कम्बलले टाउको, छाती छोपी न्यानो हुने गरी सुतौं ।
- खाली भुइमा नसुतौं खाट पलङ्को प्रयोग गरौं ।
- बिना कारण शीतलहरको समयमा घर बाहिर र खुल्ला स्थानमा धेरै समय नबसौं ।
- विपद् आउनै नदिने तर्फ सजग बनौं ।

**छरछिमेकमा कोहि बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**



## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल पुष महिना २१ गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालय घोराहीबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**तपशिल**

**क) कर्जा शिर्षक : व्यवसायिक आधिविकर्ष तथा हायर पर्चेज कर्जा**

**ऋणीको विवरण**

नाम : **दंगाली रेडिमिक्स् उद्योग** सा.फ.र.नं. : ७९/३२७ साझेदारहरु : प्रताप कुमार खड्का, प्रविन दिप के.सी., अनुराग खड्का, शरद कुमार बुढाथोकी र बसन्त कुमार भण्डारी
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यलय दर्ता मिति : २०७७/१२/०२
फर्मको ठेगाना : दाङ्ग जिल्ला राजपुर वडा नं. ३ स्थायी लेखा नं. : ६१५५०६०१२

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) हुनाराम भण्डारीको नाति कृष्ण प्रसाद भण्डारीको छोरा दाङ्ग जिल्ला लक्ष्मीपुर गा.वि.स. वडा नं. ९ हाल, घोराही उ.म.न.पा वडा नं. १५ बस्ने **बसन्त कुमार भण्डारी** (ना.प्र.नं.: १६६६/११० जारी मिति र जिल्ला : २०६०/०१/१५, दाङ्ग)

२) टेक बहादुर खड्काको नाति खुम बहादुर खड्काको छोरा ललितपूर जिल्ला ललितपूर उ.म.न.पा. वडा नं. २ हाल, वडा नं. ५ बस्ने **अनुराग खड्का** (ना.प्र.नं.: २८-०१-०६७-०२०९१ जारी मिति र जिल्ला : २०६७/०४/०३, ललितपूर)

३) टेक बहादुर खड्काको नाति कृष्ण बहादुर खड्काको छोरा दाङ्ग जिल्ला सतवरीया वडा नं. ६ लमही न.पा. वडा नं. ८ बस्ने **प्रताप कुमार खड्का** (ना.प्र.नं.: ६/७६० जारी मिति र जिल्ला : २०५१/०८/२३, दाङ्ग)

४) रेवती प्रसाद बुढाथोकीको नाति राम बहादुर बुढाथोकीको छोरा दाङ्ग जिल्ला बेला वडा नं. ४ हाल, लमही न.पा वडा नं. ८ बस्ने **शरद कुमार बुढाथोकी** (ना.प्र.नं.: ३९/४३३ जारी मिति र जिल्ला : २०५२/१२/२३,, दाङ्ग)

५) टोप बहादुर के.सी.को बुहारी राम बहादुर के.सी.को पत्नी दाङ्ग जिल्ला त्रिभुवन वडा नं. १० हाल, घोराही उ.म.न.पा. वडा नं. १५ बस्ने **पार्वती के.सी.** (ना.प्र.नं.: १२७३/२३ जारी मिति र जिल्ला : २०४५/०३/२९, दाङ्ग)

६) लिलाराज उपाध्यायको नाति शरद कुमार शर्माको छोरा दाङ्ग जिल्ला हलवार गा.वि.स वडा नं. ४ हाल, घोराही उ.म.न.पा वडा नं. १५ बस्ने **निराजन देवकोटा** (ना.प्र.नं.: ४६७/२२२६ जारी मिति र जिल्ला : २०५६/१२/०३, दाङ्ग)

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| प्रताप कुमार खड्का | दाङ जिल्ला सतवरिया वडा नं. १ | १ख | १७४ | ४०६.३० |
| प्रविनदिप के.सी | दाङ जिल्ला मटेरिया वडा नं. ६ | ६ख | २०० | २६०७.४६ |
| बसन्त कुमार भण्डारी | दाङ जिल्ला मटेरिया वडा नं. ६ | ६ख | १७२ | १७२७.०६ |
| प्रताप कुमार खड्का | दाङ जिल्ला मटेरिया वडा नं. ६ | ६ख | १७१ | १६९२.९२ |
| | | | २४ | ३३३५.०४ |
| | | | १३५ | ६८५.७३ |
| पार्वती के.सी | दाङ जिल्ला घोराही न.पा. वडा नं. ४ | ४ख | १५८७ | २७९.१९ |
| पार्वती के.सी | दाङ जिल्ला मटेरियाउ वडा नं. ८ | ८क | १३७१ | ६०७२.१३ |

**ख) कर्जा शिर्षक : कृषि आवधिक तथा हायर प्रर्चेज कर्जा**

**ऋणीको विवरण**

नाम : **रेड चिल्ली एग्रीकल्चर फार्म प्रा.लि.** अख्तियार प्राप्त व्यक्ति : निराजन देवकोटा
दर्ता नं. : २९९५६१/०७९/०८०
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यलय त्रिपुरेश्वर, काठमाडौं दर्ता मिति : २०७९/०६/०४
ठेगाना : दाङ्ग जिल्ला लमही न.पा. वडा नं. ८ स्थायी लेखा नं. : ६१०३७१७८९

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) लिलाराज उपाध्यायको नाति शरद कुमार शर्माको छोरा दाङ्ग जिल्ला हलवार गा.वि.स वडा नं. ४ हाल, घोराही उ.म.न.पा वडा नं. १५ बस्ने **निराजन देवकोटा** (ना.प्र.नं.: ४६७/२२२६ जारी मिति र जिल्ला : २०५६/१२/०३, दाङ्ग)

२) शरद कुमार शर्माको बुहारी निराजन देवकोटाको पत्नी दाङ्ग जिल्ला हलवार गा.वि.स वडा नं. ४ हाल, घोराही उ.म.न.पा. वडा नं. १५ बस्ने **जानकी भुसाल** (ना.प्र.नं.: ९१६ जारी मिति र जिल्ला : २०६०/०२/२९, दाङ्ग)

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| रेड चिल्ली एग्रिकल्चर फार्म | दाङ जिल्ला सतवरिया वडा नं. १ | १ ग | ४४४ | ४९९९.७९ |

**ग) कर्जा शिर्षक : कृषि आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **बहुउद्देश्यीय नमुना कृषि तथा पशुपंक्षी फर्म** साझेदारहरु : निराजन देवकोटा तथा जानकी भुसाल
सा.फ.र.नं. : ५/३४७/१०-२०७८/०७९ दर्ता मिति : २०७८/०५/२१
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, दाङ्ग
फर्मको ठेगाना : दाङ्ग जिल्ला लमही न.पा. वडा नं. ८ स्थायी लेखा नं. : ६१६७५५२२२

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) शरद कुमार शर्माको बुहारी निराजन देवकोटाको पत्नी दाङ्ग जिल्ला हलवार गा.वि.स वडा नं. ४ हाल, घोराही उ.म.न.पा. वडा नं. १५ बस्ने **जानकी भुसाल** (ना.प्र.नं.: ९१६ जारी मिति र जिल्ला : २०६०/०२/२९, दाङ्ग)

२) लिलाराज उपाध्यायको नाति शरद कुमार शर्माको छोरा दाङ्ग जिल्ला हलवार गा.वि.स वडा नं. ४ हाल, घोराही उ.म.न.पा वडा नं. १५ बस्ने **निराजन देवकोटा** (ना.प्र.नं.: ४६७/२२२६ जारी मिति र जिल्ला : २०५६/१२/०३, दाङ्ग)

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| जानकी भुसाल | दाङ जिल्ला लक्ष्मीपुर वडा नं. ९ | ९क | १७५२ | १३२.०४ |
| | | | १७५५ | ४१.०० |

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८२/०८/०८ को नयाँ पत्रिका दैनिक प्रत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२ साल माघ महिना ११ गते आइतबार भित्र यस बैंकको शाखा कार्यालय घोराही आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर वा सो बराबरको यस बैंकको नाममा खिचिएको पेश गर्ने अन्तिम मिति भित्रको Good For Payment Cheque संलग्न गर्नु पर्नेछ।
५) प्राप्त बोलपत्रहरु मिति २०८२ साल माघ महिना १२ गते सोमबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय घोराहीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## सम्पादकीय

# सुध्रिँदो अर्थतन्त्रले जगाएको आशा

राजनीतिक अस्थिरता र अन्योलले सुस्ताएको नेपाली अर्थतन्त्रले विस्तारै लय समात्न थालेको संकेत नेपाल राष्ट्र बैंकको प्रतिवेदनले दिएको छ। धर्मराएको अर्थतन्त्र सम्हालिने अपेक्षासहित आर्थिक वृद्धिदर ४ दशमलव ६ प्रतिशत पुग्ने अनुमान राष्ट्र बैंकको छ। त्यसले समग्र अर्थतन्त्र पुनः गतिशील बन्दै गएको देखाउँछ। अघिल्लो वर्षको ३ दशमलव ७ प्रतिशत वृद्धिदरको तुलनामा यो उल्लेखनीय सुधार हो, जसले नीति स्थिरता, माग विस्तार र केही क्षेत्रगत सुधारको प्रभाव देखाएको छ।

कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको ६२ प्रतिशत योगदान रहनु नेपाली अर्थतन्त्रको संरचनागत यथार्थ हो। पर्यटन, यातायात, वित्तीय सेवा र व्यापारमा आएको सुधारले सेवा क्षेत्रलाई अघि बढाएको छ। कोभिड महामारीपछि पर्यटन क्षेत्रमा देखिएको उत्साहजनक पुनरूत्थानले विदेशी मुद्रा आम्दानी, रोजगारी र स्थानीय व्यवसायमा सकारात्मक प्रभाव पारेको छ। यससँगै भौतिक पूर्वाधार, विशेषगरी सडक निर्माणमा देखिएको प्रगति अर्थतन्त्रका लागि दीर्घकालीन पुँजी निर्माणको आधार बन्न सक्छ।

कृषि क्षेत्रले समेत केही सकारात्मक संकेत दिएको छ। धान उत्पादनमा वृद्धि र समग्र कृषि उत्पादन ३ दशमलव ७ प्रतिशतले बढ्नु खाद्य सुरक्षा र ग्रामीण आयका दृष्टिले महत्वपूर्ण हो। फलफूल उत्पादनमा भएको वृद्धिले व्यावसायिक कृषिको सम्भावना देखाएको छ। यद्यपि दूध र मासु उत्पादनमा आएको गिरावट तथा कृषि कर्जाको निरन्तर संकुचन चिन्ताको विषय हो। कृषि नै रोजगारी र आत्मनिर्भरताको मेरूदण्ड भएकाले यस क्षेत्रमा कर्जा, प्रविधि र बजार पहुँच बढाउन सरकार र वित्तीय क्षेत्र गम्भीर हुनुपर्छ।

जेनजी आन्दोलनसँगैको विध्वंसले औधोगिक क्षेत्र अझै पूर्ण रूपमा उठ्न सकेको छैन। उद्योगहरूको औसत क्षमता उपयोग ४४ दशमलव ५ प्रतिशतमा सीमित रहनुले बजारमा उत्पादनको माग कमजोर रहेको संकेत गर्छ। तर नयाँ उद्योग दर्ता बढ्नु र पूर्वाधार विस्तार हुनु भविष्यका लागि आशाजनक आधार हुन्। चुनावी माहोलसँगै उत्पन्न सकारात्मक प्रभावले बजारमा पैसा निस्केर निजी क्षेत्रको बनोबल वृद्धि गरेमा उद्योग क्षेत्रले पनि गति लिन सक्छ।

प्रदेशगत रूपमा बागमती प्रदेशको उच्च योगदान र कर्णालीको न्यून हिस्सा आर्थिक असन्तुलनको यथार्थ हो। अबको नीति बहस क्षेत्रीय सन्तुलन, उत्पादनमुखी लगानी र रोजगारी सिर्जनामा केन्द्रित हुन जरूरी छ। समग्रमा हेर्दा अर्थतन्त्र सुधारको दिशामा अघि बढेको स्पष्ट संकेत देखिन्छ। यो सुधारलाई दिगो बनाउन संरचनागत सुधार, कृषि र उद्योगमा लक्षित हस्तक्षेप तथा सुशासन अपरिहार्य छन्।

# कांग्रेस, कांग्रेस नहुँदाको संकट

*कांग्रेसले कांग्रेसलाई चिनेको भए तिनले प्रजातान्त्रिक समाजवाद विषयमा कम्तीमा सतही छलफल पनि गर्थे होलान्। तिनले राष्ट्र, राष्ट्रियता जस्ता पार्टीका अत्यन्त महत्वपूर्ण विषयमा निधार खुम्च्याएर सोच्थे होलान्।*

अग्रलेख



● प्रा.डा. बद्रीविशाल पोखरेल



जननायक बी.पी. कोइरालाले नेपालको अखण्डता, स्वाधीनता र स्वतन्त्रतालाई सर्वोपरि राखे। भारतीय शासकको हेपाहा नीति र नियत बुझेर उनले राष्ट्रिय अडान राख्न थाले। यसले गर्दा उनलाई भारतीय शासकले उपेक्षा गर्न थाल्यो। भारतीय शासकले हामीले भनेअनुसार काम गर्ने हो भने प्रधानमन्त्री र राष्ट्रपति बनाइदिने प्रलोभनलाई पनि कोइरालाले उपेक्षा गरे। राष्ट्रिय स्वार्थलाई तिलाञ्जली दिएर व्यक्तिगत स-साना स्वार्थमा रमाएर खेलौना बन्नु कुनै पनि पार्टीका लागि हितकर छैन।

नेपाल विश्वको सामरिक दृष्टिले अत्यन्त महत्वपूर्ण र संवेदनशील भूभागमा अवस्थित छ। नेपाललाई भारत हुँदै पश्चिमा शक्तिले उहिल्यैदेखि र पछिसम्म पनि गिद्धे दृष्टि लगाइरहेको देखिन्छ। नेपाल राजनीतिक तथा आर्थिक दृष्टिले स्थिर र समृद्ध हुन गयो भने पश्चिमा शक्तिको खेलोफड्को कमजोर तथा नाकाम हुनेछ। तसर्थ, त्यो शक्ति अहिले पनि नेपालका प्रमुख राजनीतिक पार्टीहरूका बीच सकेसम्म फाटो ल्याउन 'माइक्रो मेनेजमेन्ट' गर्ने कुरामा विशेष ध्यान दिइरहन्छन्। यी शक्तिहरू सय वर्षपछिको स्थिति आकलन गरेर लगनका साथ नेपालमा लगानी गर्छन्। अहिले चाहिँ अमेरिकी दबाव, प्रभाव र नियन्त्रण सकेसम्म नेपालमा नपरोस् भन्ने भारत र चीनको चाहना देखिन्छ। अमेरिकाको वर्चस्व बढ्दा चीन र भारतसमेत सुरक्षित रहन नसक्ने गम्भीर चिन्ता व्याप्त छ। कर्कलाको पातको पानी जस्तो भएको देशको यस अवस्थामा कांग्रेस पार्टीका जिम्मेवार नेताहरू घरभित्रका थाङ्ना फोगटा सडकमा फिँजाएर रमिते देखिनु सर्वथा अनुचित कुरा हो।

त्यसैले कांग्रेसले कांग्रेसलाई चिनेको भए तिनले प्रजातान्त्रिक समाजवाद विषयमा कम्तीमा सतही छलफल पनि गर्थे होलान्। तिनले राष्ट्र, राष्ट्रियता जस्ता पार्टीका अत्यन्त महत्वपूर्ण विषयमा निधार खुम्च्याएर सोच्थे होलान्। विचार स्वीकार गर्ने, त्यही विचारलाई ल्याउने नेतालाई स्थान दिइन्थ्यो होला। यस पार्टीमा चन्द्र भण्डारी जस्ता पार्टी आदर्शप्रति प्रतिबद्ध युवा नेता छन्। नेता मनमोहन भट्टराई आदि पार्टीगत चुरो व्यक्तित्व नभएका होइनन्। उनी बी.पी. कांग्रेसको मन, वचन र कर्मले दृढ पक्षपोषण गर्दा रहेछन्। उनले केही समयअघि लेखेको अन्नपूर्ण दैनिकमा प्रकाशित लेखमा पनि बी.पी.ले झैँ दुई छिमेकी मुलुकका बीच अत्यन्त सन्तुलित परराष्ट्र नीति अपनाउन जोड दिएको बताएका थिए।

कांग्रेस चिन्न बी.पी. र गणेशमान पढ्नुपर्छ। तिनले तत्कालीन भारतीय सरकार र सत्तापक्षले बी.पी. कोइराला मार्फत नेपाललाई अनेक तरहले अपमान गरेको राम्ररी पढ्नुपर्छ।

कांग्रेस हुने हो भने कांग्रेसजस्तै हुनुपर्‍यो। विभिन्न मिडियामा विश्लेषक, बुद्धिजीवी र लेखक तथा पत्रकार भएर कुरा कथुर्ने तर पार्टी र नेतृत्वका विकृतिविरुद्ध पार्टी र यसका विभागमा रहेर अन्तर्संघर्ष नगर्ने प्रवृत्ति घातक देखिन्छ। नठोसी आगो बल्दैन। आवश्यक दबाव बिना सही काम हुन सक्दैन। सशक्त र प्रभावशाली सघर्ष नदिई नेतृत्वमा सुधार आउँदैन। अझ क्षयरोग लाग्न आँटेको छ भने भैँसीलाई हान्ने सुई लगाउनुपर्छ। यस खालको राप, ताप र प्रताप भएको बौद्धिक, प्राज्ञिक, सर्जक आदिको शक्ति नेकाभित्र व्यापक रहेको देखिन्छ। यो शक्तिले कम्तीमा एक लय, ताल र सुरमा पार्टीको उपल्लो नेतृत्वलाई ठेगान लगाउन सक्छ तर इच्छाशक्ति प्रबल हुनुपर्छ। रमिते कांग्रेस भएर हुन्न, नामको होइन, कामको कांग्रेस हुनुपर्छ। पार्टीको विधानको प्रस्तावनाको शीर्ष स्थानमा नीतिमुखी नभएर नेतामुखी अवधारणा भएकाले र यस संस्कारमा बानी परेकाले पार्टीमा यथास्थितिवाद हाबी भएको स्पष्ट हुन्छ।

गौरवशाली, उल्लेखनीय र अहं महत्वका कतिपय भूमिका निर्वाह गरेको र महान् व्यक्तित्व पनि भएको प्रमुख पार्टी हो, नेपाली कांग्रेस। बालेन, रवि वा अन्यसित कुनै विरासत र गर्व गर्न लायक कुनै विचार, सिद्धान्त वा व्यवहार छ र ? नेपालका प्रमुख पार्टी कमजोर हुँदा देश भाइ फुटे, गाउँ लुटे अवस्थामा पुग्ने निश्चित छ। त्यसैले तमाम कांग्रेसी जनहरू यस कुरामा बेलैमा होसियार हुनु जरुरी देखिन्छ। तर अहिले नेकाभित्र चरम अवसरवादी प्रवृत्ति हाबी हुन खोज्दैछ। एमाले र नेकाभित्रका अवसरवादी तथा स्वार्थी गुटहरू आगामी चुनावमा मिलीजुली सत्ता र सरकारको छक्का दाउ खेल्ने सुरमा छन्। जेनजी अभियानको आवरणमा बालबाल बचेका यी दुई दलका प्रमुख नेताको चेत अझै फिरेको छैन। यिनको गतिमति हेर्दा देशलाई नै भड्खालोमा हाल्ने खतरा सन्निकट देखिन्छ। यी दुवै पार्टी आफ्ना लोभीपापीहरूलाई मात्र काखी च्याप्ने र अरूलाई किक हान्ने गम्भीर गुप्त षड्यन्त्रमा तल्लीन छन्। आफ्नो घर-परिवारलाई समेट्न नसक्नेले देश र जनताका लागि केही गर्छ भन्ने कसरी विश्वास गर्न सकिन्छ ?

आफ्नै कमजोरीलाई निर्ममतापूर्वक शल्यक्रिया गर्न नसक्ने कांग्रेस आफूभित्र क्षयरोग पालेर कतिदिन बाँच्न सक्ला र ? पहिलो जननिर्वाचित प्रधानमन्त्री कोइरालाले भारतीय नेता जवाहरलाल नेहरूले चीनको मैत्रीपूर्ण भ्रमण नगर्न सल्लाह दिए पनि मानेनन्। नेहरूले चीन गए पनि यत्ति मात्र कुरा गर्नु भन्ने आदेश पनि स्वीकार गरेनन्। बी.पी.को मन्त्रीमण्डलमा गृहमन्त्री रहेका सूर्यप्रसाद उपाध्यायको सिधा सम्पर्क नेहरूसित हुने गर्थ्यो। यो कुरा थाहा पाएर पनि कोइरालाले चीनको भ्रमणमा लगेका सूर्यप्रसादलाई झुक्याएर आफूले मात्र एक्लै माओ त्से-तुंगसित रातको १२ बजे भेटेर नेपालको हितमा अडान लिएर दुई देशका सीमा विवाद नेपालकै हितमा सुल्झाएका थिए। त्यसैगरी जवाहरलाल नेहरूले नेपालको उत्तरी सीमा हिमालय पर्वत श्रृंखला भारतको उत्तरी सीमा रहेको बताउँदा बी.पी.ले कूटनीतिक प्रतिवाद गर्नु भएको पाइन्छ। आखिर यस कुरालाई नेहरूले पनि कूटनीतिक तरिकाले परोक्ष रूपमा भारतीय संसदमा मौखिक रूपमा गल्ती महसुस गरेका थिए। त्यस्तो देश र जनताको स्वाभिमान कायम गर्ने कांग्रेस अहिले कहाँ छ ? के यस्तै कांग्रेस बनाउन बी.पी.ले खोजेका थिए ? विदेशीको इसारा र लहैलहैमा लागेर नेपाली कांग्रेस पार्टीलाई कसरी बचाउन सकिन्छ र यसरी यो पार्टी कति दिन टिक्छ ? सत्ता, शक्ति, सम्पत्ति र निकृष्ट स्वार्थलाई केन्द्रविन्दुमा राखेर अहिलेसम्म कुन पार्टी, सिद्धान्त, सरकार र सत्ता टिकेको छ ?

तर त्यस्तो पार्टीले देशको अखण्डता, सार्वभौमसत्ता, स्वाधीनता र सामाजिक सद्भाव त जोगाउन कुरामा ध्यान दिनुपर्छ। भारतीय कांग्रेसलगायत केही दलले बी.पी.लाई तिम्रो देशमा हामी बहुदल ल्याइदिन्छौँ र तिमीलाई प्रधानमन्त्री पनि हामी बनाइदिन्छौँ भने तर त्यस खालको बेहोरालाई कोइरालाले कहिल्यै मन पराउनु भएन। जब इन्दिरा गान्धीले सिक्किम कब्जा गरिन्, यसबाट बी.पी. कोइराला नराम्ररी झस्केको बुझिन्छ। मृत्युलाई पर्वाह नगरी मेलमिलाप नीति लिएर कोइराला भारतबाट नेपाल आएको एक मात्र कारण नेपालको अस्तित्वको सुरक्षा गर्नु थियो। सुन्दरीजलको कठोर कारावासमा हुँदा तत्कालीन राजा वीरेन्द्र शाहसित कोइरालाले एक्लै भेट्न खोजेका थिए। राजा र प्रजाका बीचमा अनेक खेल खेलेर देश र जनताविरुद्ध षड्यन्त्र गर्ने दरबारिया र पूर्वपञ्चहरू बिचौलियाको भूमिकामा रहेको बी.पी.ले देखेका थिए। त्यसैले उनले राजा समक्ष सन्देश पुर्‍याइदिन्छु भनेर आउने दरबारिया विश्वस्त व्यक्तिलाई पनि लिखित वा मौखिक सन्देश राजा समक्ष कहिल्यै पठाएनन्। बी.पी.ले आखिर आफूले एक्लै राजासमक्ष भेट्ने अवसर पाएको बताइन्छ। यो कुरा २०३६ मा जनमतसंग्रहको घोषणा गर्नु भन्दा अघिको कुरा रहेको पत्रकार जगत नेपालको २०७४ जेठमा कान्तिपुरमा प्रकाशित लेखबाट अवगत हुन्छ। त्यही लेखमा बी.पी. कोइरालालाई जयबागेश्वरीस्थित निवासमा गएर अमुक प्रभावशाली व्यक्तिले नेपालबाट राजतन्त्र हटाइदिन्छौँ, तपाईं पहिलो गणतान्त्रिक राष्ट्रपति बन्न तयार रहनुहोस् भनिएको थियो। बी.पी.ले यस प्रश्नको उत्तरमा यस्तो अतिगम्भीर विषयमा मैले मेरा साथीहरूसित सरसल्लाह गर्नुपर्छ र यसका लागि ४८ घण्टा समय चाहिन्छ भनेको लेखमा बताइएको छ।

